जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३
जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि
# साझेदारी
राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY

वर्ष : ८ अंक : १८६ २०७९ साल माघ १३ गते, शुक्रवार Friday 27, Jan. 2023 मूल्य रु. ५/- पृष्ठ : ४

जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ।
- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको नि:शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड

## आफुले भ्रष्टचार नगर्ने र भ्रष्टचार गर्नेलाई नछाड्ने : मधेस प्रदेश मुख्यमन्त्री यादव

*साझेदारी संवाददाता*
*कलैया, १२ माघ*

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आफुले प्रदेशमा भ्रष्टचारलाई शुन्य सहनशिलता ल्याउने गरी काम गर्ने बताएका छन ।

बाराको कलैयामा विहीवार नगरसभा गृहको शिलान्यास गर्दै मुख्य मन्त्री यादवले आफुले भ्रष्टचार नगर्ने र भ्रष्टचार गर्नेलाई नछाड्ने उद्घोष नै गरेका छन ।

आफु कनै दलको मुख्य मन्त्री नभई मधेस प्रदेशको सिंगो मुख्यमन्त्री भएको बताउदै प्रदेशमा शुसासन कायम गर्न, विधीको शासन कायम गर्न पहिलो प्राथमिकता रहने मुख्यमन्त्री यादवले बताए ।

आफ्नो विपक्षमा एकजनाले पनि विश्वासको मत नदिएको हुदा सबैको अपनत्व हुने गरि प्रदेशमा काम गर्ने मुख्यमन्त्री यादवले प्रतिवद्धता व्यक्त गरे । मधेस प्रदेशमा विकासका पुर्वाधारहरु अगाडी बढाउदै नेपाल मै नमुना प्रदेशको रुपमा विकास गर्ने सोच रहेको उनको भनाई छ । संघीय सरकार र स्थानीय तहका सरकारहरुसंग समन्वय र सहकार्य गरि अगाडी बढने मुख्यमन्त्री यादवले बताएका छन ।

मधेस प्रदेशको ८ वटै जिल्लामा एकरुपता अनुसार बिकासको कामलाई अगाडी बढाउदै पालिका, नगरपालिका हुदै सदरमुकाम सम्म जोडने पिच बाटोको निर्माण गर्ने आफ्नो प्राथमिकता रहेको जनाए । मुख्यमन्त्री यादवले नेपालको टेन्डर प्रक्रिया नै



अवैज्ञानिक रहेको हुदा रकम घटाघाट होईन समय घटाघाट हुने गरि मधेस प्रदेश सरकारले छुटै खरिद ऐन बनाएर अगाडी बढने जानकारी जानकारी दिए ।

उक्त कार्यक्रममा बारा निर्वाचन क्षेत्र नम्बर १ का संघीय सांसद अच्चुत मैनालीले अर्थतन्त्र डमाडोल भईरहेको अवस्थामा सिमित साधन र स्रोतबाट विकासको लहरलाई अगाडी बढाउनुपर्ने आवश्यकता रहेको बताएका छन । उनले प्रजातन्त्रको पुर्नस्थापनापछि बाराको विकासलाई पछाडी पादै आएको हुदा अब संगठित भएर लाग्नुपर्ने बेला आएको उनले बताए । शहिदहरुको बदीलानीलाई सार्थक बनाए मात्र उहाँहरुको सपना सकार हुने सांसद मैनाली कथन छ ।

सोही कार्यक्रमलाई सम्बोधन गर्दै पुर्वमन्त्री एवम् बारा क्षेत्र नम्बर ४ का संघीय सांसद कृष्णकुमार श्रेष्ठ किसानले बारा जिल्लालाई औद्योगिक र पर्यटकिय स्थलको रुपमा विकास गर्न जरुरी रहेको बताएका छन । जिल्लाको विकासमा सबै दल र जनानिर्वाचित प्रतिनिधिहरु

**बाँकी तेस्रो पृष्ठमा**

## प्रहरीको गरिमा उच्च बनाउन निर्देशन

*विराटनगर, १२ माघ*

प्रहरी नायब महानिरीक्षक श्यामलाल ज्ञवालीले नागरिकको जीउधनको सुरक्षा निम्ति सधैं गम्भीर हुन निर्देशन दिनुभएको छ ।

प्रदेश नं १ को जिल्ला प्रहरी कार्यालय उदयपुरको आज निरीक्षण गर्दै उहाँले जिल्लामा अपराध नियन्त्रण,

**बाँकी तेस्रो पृष्ठमा**

## नेपाल र भारतको सम्बन्ध अझै प्रगाढ होस : कन्सुलर कुमार

*साझेदारी संवाददाता*
*कलैया, १२ माघ*

वीरगञ्ज महावाणिज्य दुतावासका असिसटेन्ट कन्सुलर मनोज कुमारले मित्र राष्ट्र नेपाल र भारतको सम्बन्ध अझ प्रगाढ बनाउनका लागि भारत सधैव तयार रहेको कुरामा जोड दिएका छन ।

भारतको ७४ औं गणतन्त्र दिवसको अवसरमा नेपाल भारत-मैत्री संघ जिल्ला कार्य समिति बाराले आयोजना गरेको विचार गोष्ठीलाई सम्बोधन गर्दै उनले नेपालको विकासका लागि दुतावासले दिदै आएको सहयोग निरन्तर रहने बताए ।



*कार्यक्रमको उद्घाटन गर्दै कन्सुलर कुमार* *फोटोः साझेदारी*

नेपालको जनता आफै सार्वभौम रहेको बताउदै भारत सहयोग मात्र गर्न खाजेको असिसटेन्ट कन्सुलर कुमारले प्रकाश पारेका थिए । भाई चारा र बेटिरोटीको सम्बन्धमा अटुट रहिरहनेमा कुनै प्रकारको कमी नहुने उनको भनाई थियो । कार्यक्रममा मैत्री संघका पुर्व केन्द्रीय अध्यक्ष राजकुमार द्विधि, मधेश प्रदेशका अध्यक्ष रन्धिर कुमार सिंहले आफ्ना शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा लोसपाका नेता ओमप्रकाश चौधरी, मैत्री संघका वृजकिशोर साह, भरतबहादुर मल्ल, मनिन्द्र शर्मा, किलेन्द्र पुरुष ढकाल लगायतकाले गण्डक नहरमा समयमा पानी दिनु पर्ने लगायत जिल्लाका किसानले जमिन दिएपनि सिंचाईको उपभोग गर्न नसकेको कुरा कन्सुलरलाई अवगत गराए थिए ।

नेपाल-भारत मैत्री संघ जिल्ला कार्यवाहक अध्यक्ष बाबुराम सहनीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## प्रसौनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**प्रसौनी, बारा**
**मधेश प्रदेश, नेपाल**

### सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति (२०७९/१०/१३)*

प्रस्तुत विषयमा यस प्रसौनी गाउँपालिकाको लागि तपसिलको पदमा देहायको योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं. | विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०४।०७९।०८० | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | ३ | ५००।- |

**१.दरखास्त दस्तुर बुझाउने विवरणः**
**बैंकको नामः हिमालयन बैंक लिमिटेड, शाखाः** प्रसौनी गाउँपालिका, प्रसौनी, बारा **राजस्व खाता नं. :** ०५३०७६८२९४००१९ **खाताको नामः-** ग-१.१आन्तरिक राजस्व खाता, प्रसौनी । **२.दरखास्त बुझाउने स्थानः** प्रसौनी गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी, बारा । **३.दरखास्त बुझाउने अवधिः** बिहान १० बजे देखि बेलुका ४ बजे सम्म **४.दरखास्त दिने अन्तिम मितिः** २०७/१०/२७ गते सम्म **५.सेवा सुविधा तथा अन्यः** स्थानीय सेवाको सहायक पाचौं तह सरह हुनेछ **६.शर्तहरुः-** लोक सेवा आयोगको सव-ईन्जिनयर/प्राविधिक सहायक वा सो सरह पदमा वैकल्पिक र अस्थायी सूचीमा परेकालाई पहिलो प्राथमिकता दिइनेछ । **७.परिक्षाको किसिमः** लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता (लोक सेवा आयोगको सव-ईन्जिनयर/प्राविधिक सहायक वा सो सरह पदमा वैकल्पिक र अस्थायी सूचीमा परेकालाई बाहेकको हकमा)। **८.परिक्षा मितिः** पछि सूचना प्रकाशन गरिनेछ ।

**९. प्राविधिक सहायक पदको लागि आवश्यक न्यूनतम योग्यता र अनुभवः**
क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।
ख) दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (पुरुषको हकमा) र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा) ।
ग) कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सिप भएको ।
घ) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव महिनाको ६ पारस्परीक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा अनुभव भएकोलाई ग्राहयता दिइनेछ ।

**१०. आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
क) नागरिकता । ख) न्यून्तम योग्यताको लब्धाङ्क प्रमाण पत्र । ग) चारित्रिक प्रमाण पत्र । घ) तालिमको प्रमाण पत्र । ङ) अनुभव भए सोको कागजात च) २ प्रति पासपोर्ट फोटो

**११. पाठयक्रमः-** लिखित परिक्षाको लागि प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश तथा प्रयोगात्मक परिक्षाको लागि स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को प्राविधिक सहायकको पाठयक्रमको खण्ड-२ बमोजिम हुनेछ ।

१२. करार अवधी नियुक्ति भएको मितिबाट बढीमा ६ महिनाको लागि रहनेछ तथा कार्य सन्तोषजनक देखिएमा करार अवधी थप गरिनेछ

नोटः दरखास्त फाराम, अन्य जानकारी प्रसौनी गाउँपालिकाको वेभसाईट www.prasaunimun.gov.np मा हेर्न सक्नुहुनेछ ।

*प्रमुख प्रशासकिय अधिकृत*

समयमा कर तिरौं गाउँको विकासमा सहयोगी बनौं ।
कलैया उपमहानगरपालिकाको कार्यालय, कलैया, बाराद्वारा जनहितमा जारी

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
सह सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : राजेश चौधरी :-९८०७२२८०६१
कानुनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसट प्रेस, वीरगंज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००
Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com

## सम्पादकीय...

# किन प्रमुख रोजाई बन्यो राष्ट्रपति ?

संविधान निर्माण पश्चात मंसीरमा भएको दोस्रो कार्यकालको संसदीय निर्वाचन पश्चात केन्द्र र प्रदेशहरुमा सरकार निर्माण भईसकेका छन । संघीय संसददेखी प्रदेश संसदहरुमा समेत सभामुख तथा उपसभामुखको समेत निर्वाचन भईसकेको छ। सभामुख तथा उपसभामुख निर्वाचन पश्चात अब सबैको ध्यान राष्ट्रपति तथा उपराष्ट्रपतिमा केन्द्रीत भएको छ । नेपालको संविधानले राष्ट्रपतिलाई आलंकारीक राष्ट्रपतिको रुपमा व्यवस्था गरेको छ। शासकीय स्वरुपमा राष्ट्रपतिको भुमिका व्यवस्थापिकालाई सहयोग गर्ने मात्र रहेको छ ।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन हुन बाँकी रहदा यतिखेर प्रमुख राजनीतिक दलहरुको पनि ध्यान राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनतर्फ नै केन्द्रीत भएको छ। प्रमुख राजनीतिक दलहरुको नजर राष्ट्रपति निर्वाचनमा नै गएको छ। प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको नेपाली काँग्रेस सत्ता बाहिर रहेपनि यतिखेर राष्ट्रपतिमा भने च्याँखे दाउ थापिरहेको छ । माओवादी केन्द्रकै भोटको आधारमा नेपाली काँग्रेसले राष्ट्रपति हत्याउने दाउ गरिरहेको छ ।

राष्ट्रिय सहमतिको सरकारको रटान गर्दै प्रधानमन्त्री प्रचण्डले नेपाली काँग्रेसले आफुलाई विश्वासको मत दिएको गुण तिर्ने बहाना गरिरहेका छन । काँग्रेस सहित राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने बहानामा राष्ट्रपतिमा नेपाली काँग्रेसलाई सघाउने दाउमा प्रधानमन्त्री प्रचण्ड रहेका छन। यता प्रधानमन्त्रीमा माओवादीलाई सघाएको नेकपा एमालेले भने माओवादीकै साथबाट राष्ट्रपति आफ्नो पोल्टामा पार्ने दाउमा छ। तर माओवादी अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्डले राष्ट्रपतिमा काँग्रेसका उम्मेदवार वा नेकपा एमालेका उम्मेदवार मध्ये कसलाई सघाउला भन्ने सबैको ध्यान केन्द्रीत भएको छ ।

# विदेशबाट फर्केर कृषि व्यवसायमा जुट्दै युवा

*भोजपुर, १२ माघ*

भोजपुरमा विदेशबाट फर्केका युवा व्यावसायिक कृषि तथा पशुपालनमा जुटेका छन् । लामो समयसम्म विदेशमा पसिना बगाए पनि राम्रो आम्दानी गर्न नसकेपछि उनीहरु यही नै कृषिमा जुटेका हुन्।

विदेशबाट फर्केर व्यावसायिक बाख्रापालनमा लाग्नुभएका टेम्केमैयुङ गाउँपालिका(१ तिम्माका गुणराज राउतले बाख्रापालनबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ । विदेशमा १५ वर्ष बिताउनुभएका उहाँ अहिले आफ्नै ठाउँमा व्यावसायिक बाख्रापालनमा लाग्नुभएको हो।

उहाँले सञ्चालन गरेको हितेश बाख्रा फार्ममा एक सय ५० बाख्रा छन्। राउतले विदेशमा राम्रो आम्दानी नभए पनि १० वर्षअघिदेखि थालेको बाख्रापालनबाट वार्षिक रु तीनदेखि रु पाँच लाखसम्म आम्दानी गरिरहेको बताउनुभयो।

"विभिन्न तीन देश गरेर १५ वर्ष पसिना बगाए", उहाँले भन्नुभयो, "धेरै मेहनत गर्दा पनि सोचेजस्तो आम्दानी गर्न सकिन, त्यहाँ पाएको दुःख सम्फेर अहिले आफ्नै ठाउँमा व्यावसायिकरुपमा बाख्रापालनमा लागेको छु, बाख्रापालनबाट यहीँ राम्रो आम्दानी गरिरहेको छु।"

विदेशमा गर्ने मेहनत यहाँ गर्नसके आफ्नै ठाउँमा परिवारसँग बसेर राम्रो आम्दानी लिन सकिने उहाँको भनाइ छ। मानिसले विदेशमा बगाउने पसिना यहीँ बगाए देशलाई पनि योगदान पुग्ने राउतको भनाइ छ। "ठूलो सपना देखेर विदेश गएँ", उहाँले भन्नुभयो, "विदेश जानु पहिला यहीँ व्यावसायिक कृषिमा लागेको भए हुने रहेछ, अहिले पछुताएको छु, योजनाबद्धरुपमा व्यवसाय गर्नसके यहाँ नै विदेशको भन्दा राम्रो आम्दानी लिन सकिन्छ।"

बाख्रापालनसँगै आफूले जडीबुटीकोसमेत व्यावसायिक खेती गरिरहेको उहाँले बताउनुभयो । बाख्रालाई विभिन्न समयमा लाग्ने रोगको भने समस्या रहेको राउतको भनाइ छ। कृषकलाई व्यावसायिकरुपमा बाख्रापालनका विषयमा जानकारी नहुँदा समस्या हुने गरेको उहाँले बताउनुभयो । ग्रामीण भेगमा पशु चिकित्सकको उपस्थिति कम हुने भएकाले किसानलाई समस्या हुने उहाँ बताउनुहुन्छ।

"बाख्रा बिरामी हुँदा उपचार गराउन समस्या छ", राउतले भन्नुभयो, "राज्यले उपचारका लागि सहज वातावरण बनाइदिए राम्रो हुन्थ्यो, मैले त लामो समय भएकाले अनुभवका आधारमा पनि उपचार गराइरहेको छु, तर भर्खर व्यवसाय थाल्नेलाई समस्या छ।" आफ्नो बाख्राको बीमा गराएको भए पनि बिमा रकम लिन भने झन्झट रहेको राउतले बताउनुभयो। कागजी प्रक्रियाका कारण किसानमा बोज थपिएको उहाँको भनाइ छ।

विदेशबाट फर्केर अर्का युवा प्रेम बस्नेतले पनि व्यावसायिकरुपमा बाख्रापालन गर्दै आउनुभएको छ । व्यावसायिक भएर काम गर्दा आनन्द हुने बस्नेतको भनाइ छ। "विदेशमा धेरै नै दुःख छ", बस्नेतले भन्नुभयो, "यहाँ दुःख गरेको सबैले देख्छन्, तर विदेशमा गरेको दुःख अरुले नदेख्ने मात्र हो, त्यहाँ गर्ने दुःख यहाँ गर्ने हो भने पैसा कमाउन कुनै समस्या छैन।"

विदेशमा यहाँबाट सोचेर गएजस्तो सहज नहुने बस्नेतको भनाइ छ। व्यावसायिक भएर आफ्नै ठाउँमा काम गर्ने हो भने त्यहाँको भन्दा दोब्बर आम्दानी गर्न सकिने उहाँले बताउनुभयो। "यहाँ सोचे जस्तो विदेशमा सहज छैन", बस्नेतले भन्नुभयो, "त्यहाँको दुःख सहन नसकेर करिब नौ महिना बिताएपछि यहाँ आएर व्यवसायमा लागेको हुँ, अहिले परिवारसँग बसेर व्यवसायबाट राम्रो आम्दानी गरिरहेको छु।"

विदेशबाट फर्केर अर्का स्थानीय खड्गबहादुर राउतले पनि व्यावसायिकरुपमा सतुवा तथा चिराइतो खेती गरिरहेको बताउनुभयो। उहाँले व्यवसायबाट वर्षमा रु तीनदेखि रु पाँच लाखसम्म आम्दानी गर्दै आएको बताउनुभयो। "विदेशमा लामो समय बिताए, सोचे जस्तो आम्दानी गर्न सकिन", उहाँले भन्नुभयो, "अहिले व्यावसायिकरुपमा जडीबुटी खेती गरिरहेको छु, परिवारको दैनिक घर खर्च धानेर राम्रै आम्दानी गर्दै आएको छु।" टेम्केमैयुङ(५ मझौलेका कुमार विष्टले पनि विदेशबाट फर्केर व्यावसायिक किवी तथा एभोकाडोको खेती गरिरहेको बताउनुभयो । गत वर्षबाट खेती सुरु गरेकाले अबका केही वर्षमा वार्षिक रु छदेखि रु आठ लाखसम्म आम्दानी लिने लक्ष्य रहेको कृषक विष्टको भनाइ छ।

"व्यावसायिकरुपमा फलफूल खेतीमा लागेको छु", उहाँले भन्नुभयो, "गत वर्षबाट खेती विस्तार गरेको छु, अबको केही समयबाट वार्षिक रु छदेखि रु आठ लाख आम्दानी लिने लक्ष्य लिएको छु।" युवाले विदेश जानुभन्दा स्वदेशमा नै व्यावसायिक भएर काम गर्नसके जीवन गुजारा गर्न समस्या नरहेको उहाँको भनाइ छ। विदेश पुगेपछि स्वदेशमा आम्दानी गर्न सकिने धेरै विकल्प देखेपछि नेपाल फर्केर आएर व्यावसायिकरुपमा काम सुरु गरेको उहाँले बताउनुभयो।

"हामीभित्र स्वदेशमा नै मेहनत गर्ने बानी हराउँदै गएको छ", उहाँले भन्नुभयो, "विदेशमा जस्तो पनि काम गर्न पछि नपर्ने हामी यहाँ चाहिँ दुःख गर्न हिनताबोध गर्छौं, अब हामी युवा यहीँ नै केही गर्न आवश्यक छ, विदेशमा दुःख पाएपछि मात्र आफ्नो ठाउँ सम्झिने हाम्रो बानी छ।" जिल्लामा पछिल्लो समय विदेशबाट फर्केर व्यावसायिकरुपमा कृषिमा लाग्ने युवाको सङ्ख्या बढ्दै गएको बताइएको छ। (रासस)



# जनकपुर हुँदै अयोध्या लगिँदै देव शिला

*गलेश्वर, १२ माघ*

कालीगण्डकी नदीको शिला अब हिन्दूहरुको पवित्र धार्मिकस्थल भारतको अयोध्यामा निर्माणाधीन मन्दिरमा भगवान् रामको मुख्य मूर्ति बनेर विश्वभरका हिन्दूधर्मावलम्बीद्वारा पुजिने भएको छ।

शालिग्राम शिला पाइने विश्वकै एक मात्र नदी कालीगण्डकीबाट बुधबार निकालेर गलेश्वरधाम परिसरमा लगिएको सो शिला आज मन्दिरमा रुद्राभिशेकसहित विशेष पुजा गरी जनकपुर हुँदै अयोध्याका लागि बिदाइ गरिएको छ।

म्याग्दीको बेनी नगरपालिका(६ ठूलोपहिरोस्थित कालीगण्डकी नदी किनारको शिला बुधबार क्रेनमार्फत निकाली गाडीमा राखेर गलेश्वर लगिएको थियो। नगर प्रमुख सुरत केसीले शिलाको पूजा आराधना गरी जनकपुर मन्दिरका पिठाधीस रामतपश्वेर दासलाई सो शिला हस्तान्तरण गरेपछि बाजागाजा र ल्यालीसहित बेनी बजार परिक्रमा गराई जनकपुरतर्फ पठाइएको हो।

रामको मूर्ति बन्ने शिलाको दर्शन गर्न सयौं भक्तजन, सरकारी निकायका प्रमुख तथा प्रतिनिधि, सर्वसाधारण लगायतको भीड लागेको थियो। गत आइतवार गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले धार्मिक विधिअनुसार क्षमापूजा र गङ्गा पुजन गरेर शिला जनकपुर मन्दिरका पिठाधीस दास र अयोध्याको राम मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कजलाई शिलाको प्रतिकस्वरुप तीन वटा शालिग्राम हस्तान्तरण गर्नुभएको थियो।

नेपाल सरकारको मन्त्रिपरिषद् बैठकको निर्णयानुसार १८ र १६ मेट्रिकटन तौल भएका सात फिट लम्बाइ पाँच फिट चौडाइ र तीन दशमलव पाँच फिट मोटाइका दुई शिलाको पहिचान र क्षमापूजाको काम सम्पन्न भएपछि आज श्रीपञ्चमीको शुभसाइतमा शिला जनकपुर हुँदै अयोध्या पठाउन लागिएको नगर प्रमुख केसीले जानकारी दिनुभयो।

हिन्दू धर्मावलम्बीको केन्द्र अयोध्यासँगको जनकपुरको धार्मिक र ऐतिहासिक सम्बन्ध रहेको छ । कालीगण्डकीको शिला अयोध्या लगेर भगवान श्रीरामको मूर्ति बनाउँदा कालीगण्डकीको महत्व अझै बढ्ने अयोध्याबाट आउनुभएका राममन्दिर निर्माण समितिका सचिव पङ्कजले बताउनुभयो । "यहाँबाट लैजाने शिलाबाट श्रीरामको मूर्ति बनाएर मन्दिरमा राख्छौं, शालिग्राम पाइने कृष्णा गण्डकीको किनारका शिला देवताका अवतार हुन्", उहाँले भन्नुभयो, "अयोध्या र जनकपुरको धार्मिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई यो शिलाले कालीगण्डकी र म्याग्दीसम्म विस्तार गर्छ।"

नगरपालिकाले यो शिला गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ। गण्डकी प्रदेश सरकारले मधेस प्रदेश सरकारलाई जनकपुर पुऱ्याएर हस्तान्तरण गर्नेछ । जनकपुरबाट नेपाल सरकारले भारत सहकारलाई हस्तान्तरण गरेपछि अयोध्या पठाइने बताइएको छ।

***यसरी बन्यो शिला अयोध्या लैजाने वातावरण***

गत साउनमा भारत भ्रमणमा जानुभएका नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिले अयोध्या राममन्दिर निर्माण समितिका अध्यक्ष नृपेन्द्र मिश्र, श्रीराम जन्मभूमि तीर्थ क्षेत्रका महामन्त्री चम्पत राय र भारतको सत्तारुढ दल भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवालसँग भेट गर्नुभयो।

भेटमा नेता निधिले अयोध्यामा निर्माणाधीन श्रीराम जन्मभूमि मन्दिरमा राख्ने धातुको धनुष नेपालमै निर्माण गर्ने र रामको प्रतिमा बनाउन आवश्यक शिला कालीगण्डकीबाट ल्याउने प्रस्ताव राख्नुभएको थियो। जनकपुरधामस्थित जानकी मन्दिरका तर्फबाट धनुष राख्ने र रामको प्रतिमा नेपालको कालीगण्डकी क्षेत्रको शिलाबाट बनाउने निधिको प्रस्तावमा भारतीय पक्ष सहमत भएको थियो। यसपछि नेपाल फर्किएका निधिले नेपाल सरकारलाई भारतीय पक्ष नेपालका दुवै प्रस्तावमा सहमति भएको जानकारी दिनुभयो।

त्यसपछि पुस ३ गते बसेको तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्को बैठकले रामको प्रतिमा निर्माणका लागि प्रयोग गरिने शालिग्राम शिलाको खोजी गर्ने निर्णय गरेको थियो। यसको खोजी म्याग्दी र कालीगण्डकी नदीको दोभानबाट सुरु गरिएको थियो । प्राविधिक तथा धार्मिक हिसाबले ठूलो पहिरो नजिकै उपयुक्त शिला फेला परेको हो। तत्कालीन समयमा शिलाको खोजीका लागि पहल गरेका नेपाली कांग्रेसका पूर्वउपसभापति निधिसहितको टोली नै शिला उत्खनन स्थलमा आउनुभएको थियो।

कालीगण्डकी करिडोरअन्तर्गत उत्तर(दक्षिण जोड्ने बेनी(गलेश्वर सडकखण्डअन्तर्गत बेनीको वडा नं ६ ठूलोपहिरो नजिकै कालीगण्डकी नदीको तिरमा १८ टनको क्वाजराइट र १० टनको क्यालसाइट नामक शिला पहिचान गरिएपछि विधिपूर्वक उत्खननको तयारी सुरू गरियो।

नेपालमा विश्वकै दुर्लभ मानिएको शालिग्राम शिला जनकपुरधामस्थित जानकी मन्दिरलाई उपलब्ध गराइनेछ भने त्यहाँबाट प्रक्रिया पूरा गरी अयोध्या लैजाने म्याग्दीका प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले बताउनुभयो।

कालीगण्डकी नदीमा कालो र सेतो शिला प्रशस्तै पाइए पनि शिला

बाँकी तेस्रो पृष्ठमा

सडक किनारामा गाई वस्तु नबाधौं, नाद खुट्टी आदि नराखौं ।
सुवर्ण गाउँपालिकाको कार्यालय, कवहीगोठ, बाराद्वारा जनहितमा जारी सन्देश

## जनकपुर...............

निकाल्न सम्भव नभएपछि सहज स्थानमा प्राविधिक तथा धार्मिक टोली केन्द्रित भएको थियो । उत्खनन गर्दा नदीबाट हुनसक्ने क्षतिका बारेमा समेत टोलीलाई सचेत बनाइएको र निकालिन लागेको शिलाले नदी आसपासमा कुनै क्षतिको सम्भावना नभएकाले एक्स्काभेटरले खन्ने र केनले उत्खनन गर्ने सहमति भएको थियो ।

***कालीगण्डकी र शालिग्राम शिला***

शालिग्रामलाई हिन्दू धर्मावलम्बीले विष्णुको अवतारका रुपमा पुज्ने गर्छन् । कालीगण्डकी नदीमा मात्र पाइने शालिग्राम हिन्दू धर्मावलम्बीका लागि निकै बहुमूल्य शिला भए पनि नदी दोहनका कारण शिला पाउन मुस्किल भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । शालिग्राम शिला पाइने मुस्ताङ, म्याग्दी र पर्वत खण्डको नदी आसपासमा अवैध उत्खनन तीव्र छ ।

मुस्ताङको दामोदर कुण्ड आसपासका क्षेत्रबाट बग्ने कालीगण्डकी नदी पवित्र तीर्थस्थलका रुपमा समेत चिनिन्छ । कालीगण्डकी नदीमा शालिग्राम शिला पाइने भएकाले पनि भक्तजन खोजी गर्न र दर्शकका लागि जाने गर्दछन् । प्रसिद्ध मुक्तिनाथ मन्दिरको प्रवेशद्वारका रूपमा रहेको म्याग्दीको गलेश्वर शिवालयमा पवित्र कृष्णागण्डकीबाट उठेर नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै प्रसिद्ध गोलाकार चक्रशिलाको उत्तर पूर्वी कोणमा अवस्थित मन्दिरभित्र स्वयं उत्पत्ति ज्योतिर्लिङ्गेश्वर महादेव विराजमान भएको धार्मिक विश्वास छ । सत्ययुगमा सतीदेवीले अग्निकुण्डमा हाम फालेर देह त्याग गरेपछि उहाँको मृत शरीर बोकेर शिव महादेवले पृथ्वीको भ्रमण गर्ने क्रममा गलेश्वरमा आएर गलापतन भएको हुँदा गलेश्वर नाम रहन गएको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । ज्योतिर्लिङ्ग, शालिग्राम, जलकुण्ड, शङ्खचक्र, नागमणि आदि चक्राकार रूपी चिह्न मानवनिर्मित नभई स्वयं उत्पन्न भएको धार्मिक पुस्तकमा उल्लेख छ । मुगल सम्राटले सन् १५२८ मा मस्जिद निर्माण गरेको इतिहासमा उल्लेख छ । सन् १८५९ मा ब्रिटिस शासकले तारबार निर्माण गरी भित्र मुस्लिमलाई प्रार्थना तथा बाहिर हिन्दूलाई पूजा गर्न स्वीकृति दिने व्यवस्था गरेको बताइन्छ । (रासस)

## आफूले...................

एक ठाउमा उभिनुपर्ने आवश्यक रहेको बताए ।

यस्तै कार्यममा बोल्दै संविधान सभा सदस्य प्रमोद गुप्ताले अब विकास नभए कहिले हुने ? भन्दै प्रश्न गरेका छन । संघ, प्रदेश र स्थानीय तहमा गठबन्धनकै सरकार रहेको बेलामा विकास हुन जरुरी रहेको गुप्ताले बताए । उनले कलैयामा प्रदेशिक अस्पताल र मानमत मटियर्वा सडक खण्डको शिलान्यास पटक पटक गरेपनि बनाउनु भन्दा पनि ठेकेदार र तत्कालिन अवस्थाका सरोकारवालाहरुले बाराबासीलाई ठग्ने काम मात्र गरेको आरोप लगाए ।

कार्यक्रलाई सम्बोधन गर्दै निवर्तमान प्रदेश साँसद पारस साहले कलैयामा तराई मधेस कला परिषद बनाउन मुख्य मन्त्री यादवको ध्यानआर्कषन गराएका थिए । टाउन हल निर्माण भएपछि बारा, रौतहटका नागरिकहरुलाई प्रत्यक्ष फाईदा हुने उनले बताएका थिए ।

कलैया उपमहानगर-पालिकाका मेयर बिनोद साहको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा, प्रदेश सांसद महमद समिर, पुर्व संघीय सांसद रामबाबु प्रदास यादव, पुर्व प्रदेश सांसद पारस प्रसाद साह लगायतकाले सम्बोधन गरेका थिए । कार्यक्रममा कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत नाथु साहले नगरसभा गृहका लागि भ्याट समेत ५ करोड ६० लाख ९५ हजार ३ सय ८८ रुपैया ४८ पैसामा २०८० साल जेष्ठ मसान्त सम्ममा निर्माण व्यवसायी साहु कन्ट्रक्सन रौतहटले ठेक्का लिएको जानकारी दिए । ठेकेदार कम्पनीले घटी प्रतिशत २७ दशमलव २८ प्रतिशतमा ठेक्का सकार गरेका हुन । कार्यक्रममा राम जानकी मन्दिरको १३ कठा जग्गा टाउन हल निर्माणका दिएको हुदा उनलाई मुख्यमन्त्री यादवले दोसल्ला ओढाएर सम्मान गरेका थिए भने मुख्य मन्त्री यादवलाई कलैया उपमहानगरपालिकाका मेयर बिनोद साहले कलैयाको घन्टाघरको तस्बिर अंकित मायाको चिनो सहित दोसल्ला ओढाई सम्मान गरेका थिए ।

## प्रहरीको................

घटनाको सफल अनुसन्धान, शिथिल मुद्दाको फछर्यौट, लागुऔषधको प्रयोग र ओसारप्रसार नियन्त्रण एवं न्यूनीकरण गर्न कडाइका साथ जाँचको व्यवस्था मिलाउन पनि निर्देशन दिनुभयो ।

उहाँले जिल्लामा जनचेतनाको कार्यक्रम सञ्चालन गर्न तथा सङ्गठनको उद्देश्य र गरिमालाई सदैव उच्च बनाउने कार्य गर्नसमेत निर्देशन दिनुभयो ।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्र फुँयालले समग्र जिल्लाको शान्ति सुरक्षाको अवस्थादेखि विविध विषयवस्तुका बारेमा जानकारी गराउनुभएको थियो । (रासस)

## महोत्तरीमा.............

नगरपालिका-३ बस्ने रोशनलाल महतोको ना३७प ७२३१ नंको मोटरसाइकलले ठक्कर दिँदा मृत्यु भएको हो । त्यसैगरी आजै सिन्धुली जिल्लाको लङ्गुरखोला महादेवको दर्शन गरेर फर्किँदै गरेको प्रदेश२-०२-००१त २२६४ नंको ट्र्याक्टर बर्दिबास नगरपालिका-३ स्थित पाटुमोडमा आफैं अनियन्त्रित भई दुर्घटना हुँदा नाम, थर, वतन नखुलेको ५० वर्षीया महिलाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक पोखरेलले बताउनुभयो ।

सो दुर्घटनामा परेर अन्य २८ यात्रु घाइते भएका छन् । घाइतेमध्ये १२ जनाको उपचार बर्दिबासस्थित जनसेवा अस्पताल, नौको साइमल्टी स्पेसिलिटी अस्पताल र सात जनाको उपचार शुभस्वस्तिक अस्पताल बर्दिबासमा भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनामा परी घाइते भएका यात्रुहरू महोत्तरी, धनुषा र केही भारतीय रहेको बताइएको छ । (रासस)

# सूचनाको हक उल्लङ्घन गर्ने प्रमुख प्रशासकीय अधिकृत यादव रु १५ हजार जरिवानासहित दण्डित

***काठमाडौं, १२ माघ***

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन उल्लङ्घन गरेको अभियोगमा सिरहा नगरपालिका सिरहाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवलाई रु १५ हजार जरिवानासहित दण्डित गरेको छ ।




सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्थाबमोजिम श्री परशुराम साहले प्रमुख यादवसमक्ष सूचना माग गर्दा सूचना उपलब्ध नगराएवापत सिरहा नपा(७ निवासी प्रमुख प्रशासकीय अधिकृत यादव दण्डित हुनुभएको हो ।

आयोगको २०७९ माघ १२ गते बसेको इजलासले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम सूचना नदिएवापत अधिकृत यादवलाई रु १५ हजार जरिवानासहित कारबाही गरेको हो । सूचनाको हकसम्बन्धी ऐनबमोजिम माग गरिएबमोजिको सूचना उपलब्ध नगराउने सार्वजनिक निकायका प्रमुख कारबाहीको भागीदार हुने स्पष्ट गर्दै पटक(पटक चेतावनीसहितको आदेश हुँदा पनि सूचना नदिई कानून उल्लङ्घन गरेकाले कारबाही गरेको विज्ञप्तिमार्फत आयोगले स्पष्ट गरेको छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा सर्वसाधारण नागरिकलाई सार्वजनिक निकायबाट भए⁄गरेका कामका बारेमा थाहा पाउने, जान्न पाउने अधिकार हुने, सार्वजनिक निकायलाई पारदर्शी हुन, कानून र नागरिकप्रति जवाफदेही तथा उत्तरदायी बनाउन पनि सघाउ पुग्ने, सुशासन कायम गर्न मद्दत पुग्ने, सर्वसाधारण नागरिकले कुनै सार्वजनिक निकायमा सूचना माग गर्दा सम्मानपूर्वक सूचना उपलब्ध गराउनु कानूनी व्यवस्था सुनिश्चित गरिएको सन्दर्भमा सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्था उल्लङ्घन गर्ने जो( कोही कानूनबमोजिम दण्डित गरिने आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीद्वारा आज जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । (रासस)

# अन्तर्राष्ट्रिय समाचार

## फ्रान्समा प्राकृतिक प्रकोपको लागत २३ वर्षयताकै उच्च

***पेरिस, १२ माघ***

प्राकृतिक प्रकोपका कारण गत वर्ष फ्रान्सेली बीमा कम्पनीहरूले १० अर्ब युरो (१०.९ अर्ब अमेरिकी डलर) को क्षति बेहोर्नुपरेको छ । यो दुई दशकमा सबैभन्दा उच्च क्षति हो ।

फ्रान्स एश्योरर्सकी अध्यक्ष फ्लोरेन्स लस्टम्यानले गत वर्ष आएको असिना, बाढी र खडेरीलाई उद्धृत गर्दै युरोप(१ रेडियोसँग भन्नुभयो, “यो वर्ष विपत्तिका कारण इन्स्योरेन्स कम्पनीहरूले ठूलो क्षति व्यहोर्नुपरेको छ । प्राकृतिक प्रकोपका कारण विमा उद्योगले सन् २०१७ देखि सन् २०२१ को बीचमा प्रति वर्ष औसतमा ३.५ अर्ब युरो खर्च गर्नुपरेको उहाँले बताउनुभयो ।

सन् १९९९ मा फ्रान्समा आएको आँधीबेहरीपछि सन् २०२२ को यो आँकडा सबैभन्दा बढी हो । बीमा महासङ्घले आगामी ३० वर्षमा प्राकृतिक प्रकोपबाट प्राप्त हुने रकम १४० अर्ब युरोभन्दा बढी क्षति हुने बताएको छ । पुनर्बीमा कम्पनी ‘स्वीस रि’ले गत डिसेम्बरमा प्राकृतिक र मानव सिर्जित विपत्तिका कारण सन् २०२२ मा विश्वभर २६८ अर्ब अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको जनाएको थियो ।(रासस)

## विकासशील देशहरूमा जलवायु वित्तपोषणका लागि सहयोग गर्ने आईएमएफ प्रमुखको प्रतिबद्धता

***किगाली, १२ माघ***

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) की प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले विकासशील देशहरूमा जलवायु वित्तपोषणका लागि आफ्नो सङ्गठनले सहयोग गर्ने बताउनुभएको छ ।

रुवान्डाको राजधानी किगालीमा पूर्वी अफ्रिकी क्षेत्रका केन्द्रीय बैंकका गभर्नर र अर्थमन्त्रीहरूसँगको गोलमेच छलफलमा जर्जिएभाले भन्नुभयो, “विकासशील देशहरूले आफ्नो संरचनात्मक रूपान्तरण, जलवायु लचिलोपनमा लगानी र कार्बन उत्सर्जन नियन्त्रणलाई समर्थन गर्न दीर्घकालीन वित्तपोषणको पहुँच को हकदार रहेका छन् भन्नेमा हामी पूर्ण विश्वस्त छौं ।

विकासशील देशहरूका लागि जलवायु वित्तपोषण योजनाहरू र आईएमएफको लचिलोपन र स्थिरता सुविधाको परिचालनबारे भएको छलफलमा उहाँको यो धारणा आएको हो । कार्यक्रममा सहभागीहरूले जलवायु परिवर्तनलाई कम गर्न नवीन घरेलु समाधानहरू र अन्तर्राष्ट्रिय समुदायले सार्वजनिक र निजी वित्तपोषण परिचालन गर्न उत्प्रेरकको रूपमा कसरी सहयोग वा काम गर्न सक्छन् भन्ने बारेमा छलफल गर्नुभएको थियो ।

उहाँले समष्टिगत आर्थिक स्थायित्व को संरक्षण र वृद्धि र रोजगारीलाई बढावा दिने सन्दर्भमा आईएमएफले जलवायु नियन्त्रणलाई विशेषे महत्व दिएको उल्लेख गर्नुभयो । अफ्रिकालाई जलवायु वित्त वार्ताको केन्द्रमा राख्नुपर्ने आवश्यकतामा पनि उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, “अफ्रिकाले यस समस्यामा निकै कम योगदान गरेको छ, तर यसले पहिले नै धेरै नाटकीय तरिकाले जलवायु परिवर्तनको परिणामहरू भोगिरहेको छ ।”

अफ्रिकामा खडेरी र बाढीका कारण उत्पादकत्व, कृषि उत्पादनमा ह्रास आइरहेको र मानिस र समुदायलाई पनि क्षति पुऱ्याइरहेको उहाँले बताउनुभयो । विकसित देशहरूले सन् २०२० सम्ममा विकासशील देशहरूमा जलवायु नियन्त्रणका लागि प्रतिवर्ष करिब १०० अर्ब अमेरिकी डलर को प्रतिबद्धता व्यक्त गरेका थिए, जुन अझै पूरा हुन सकेको छैन ।

गत डिसेम्बरमा आईएमएफले रुवान्डाका लागि लचिलोपन र दिगोपना सुविधा अन्तर्गत ३१ करोड ९० लाख अमेरिकी डलर ऋण को घोषणा गरेको थियो, जसले जलवायु परिवर्तनका कारण प्रभावित बनेका महत्वाकांक्षी एजेन्डालाई मद्दत गरेको छ । यस पहलको उद्देश्य कम आय भएका र कमजोर मध्यम आय भएका सदस्य राष्ट्रहरूलाई जलवायु परिवर्तन जस्ता दीर्घकालीन संरचनात्मक चुनौतीहरूको सामना गर्न र दीर्घकालीन कम लागत वित्तपोषण गर्न मद्दत गर्नु हो ।

मङ्गलबार रुवान्डा आइपुगेकी जर्जिएभाले बुधबार रुवान्डाका राष्ट्रपति पल कागामेसँग भेटवार्ता गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ । (रासस)

## जासुसी गरेको अभियोगमा चिनियाँ इन्जिनियरलाई अमेरिकामा जेल सजाय

***वासिङ्टन, १२ माघ***

बेइजिङलाई सम्भावित भर्ती लक्ष्यबारे जानकारी उपलब्ध गराएको आरोपमा एक चिनियाँ इन्जिनियरलाई बुधबार अमेरिकी जेलमा आठ वर्षको जेल सजाय सुनाइएको छ ।

सन् २०१३ मा विद्यार्थी भिसामा अमेरिका आएका र पछि सेनामा भर्ती भएका जी चाओचुनमाथि जियाङ्सु प्रान्तको सुरक्षा निकायलाई अमेरिकामा रहेका आठ व्यक्तिलाई काम दिन सकिने सूचना पठाएको आरोपमा छानविनपछि सजाय सुनाइएको हो । अमेरिकी वैज्ञानिक र इन्जिनियरको पहिचान गरेको आरोप लागेको थियो ।

यो निकाय एक प्रमुख चिनियाँ गुप्तचर एकाइ भएको र अवैध रूपमा अमेरिकी औद्योगिक र व्यापारिक रहस्यहरू प्राप्त गर्न र योजनाहरू प्राप्त गर्न चीनले प्रयोग गरेको आरोप अमेरिकी अधिकारीले लगाएका छन् । सन् २०१८ को सेप्टेम्बरमा जीलाई पक्राउ गरिएको थियो जसमा उहाँले चिनियाँ गुप्तचर निकायलाई आठ जनाको जीवनीसम्बन्धी जानकारी उपलब्ध गराउनुभएको थियो । ती सबै मूलतः चीन वा ताइवानका अङ्गीकृत अमेरिकी नागरिक थिए ।

करिब ३१ वर्षीय जीलाई सिकागोमा दुई सातालामो सुनुवाइपछि गैरकानुनी रूपमा विदेशी सरकारको एजेन्टको रूपमा काम गरेको र झूटो बयान दिएको अभियोगमा सेप्टेम्बरमा दोषी ठहर गरिएको थियो । अमेरिकी अभियोजनकर्ताहरूले जासुसीसम्बन्धी मामिलाहरूमा अक्सर यो आरोप प्रयोग गर्छन् जहाँ अभियुक्त स्पष्ट रूपमा विदेशी गुप्तचर एजेन्ट होइन ।न्याय विभागका अनुसार जीले जियाङ्सु एकाइका डेपुटी डिभिजन डाइरेक्टर जू यान्जुनको निर्देशनमा काम गरेको आरोप लगाइएको छ । विश्वको अग्रणी विमान इन्जिन निर्माता मध्येको एक ओहायोस्थित जीई एभिएसन र अमेरिकी सैन्य आपूर्तिकर्तालगायत अन्य उययन कम्पनीहरूबाट व्यापारिक गोप्य कुराहरू चोर्ने चिनियाँ प्रयाससँग जीको मुद्दा जोडिएको दाबी गरिएको छ ।

त्यो प्रयासमा जू एक प्रमुख व्यक्ति हुनुहुन्थ्यो । सन् २०१८ मा बेल्जियममा पक्राउ परेका उनलाई पुर्पक्षका लागि अमेरिका सुपुर्दगी गरिएको थियो ।

उहाँलाई सन् २०२१ को नोभेम्बरमा आर्थिक जासुसी गरेको र व्यापारिक गोपनीयता चोरीको प्रयास गरेको अभियोगमा दोषी ठहर गरिएको थियो । नोभेम्बर २०२२ मा जूलाई २० वर्षको जेल सजाय सुनाइएको थियो । (रासस)

जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं ।
प्रसौनी गाउँपालिकाको कार्यालय, प्रसौनीद्वारा जनहितमा जारी सन्देश

साझेदारी राष्ट्रिय दैनिक SAJHEDARI NATIONAL DAILY



# श्रीपञ्चमीको अवसरमा शिवालयमा भक्तजनको भीड

*सुभाष कुमार मिश्र*
*रौतहट १२ माघ*

श्रीपञ्चमीको अवसरमा बारा, पर्सा र रौतहटमा रहेका शिव मन्दिरहरूमा विहीवार दर्शनार्थीको भीड लागेको छ । श्रीपञ्चमी पर्वका अवसरमा बिहिबार बिहानैदेखि जिल्लामा रहेको शिवालयमा दर्शनार्थीहरुको भिड्भाड रहेको हो ।



*शिव मन्दिरमा मेला भर्न आएको दर्शनार्थीहरु । फोटोः साझेदारी*

रौतहटको शिवनगर र आसपासका शिव मन्दिरमा दर्शनार्थीको भीड लागेको हो । विशेषगरी वैदिक सनातन हिन्दु धर्मावलम्बी विहीवारको दिन बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा पुगेर श्रद्धाभक्ति पूर्वक पूजा-आराधना गर्दै भगवान् शिवलाई जल तथा गाईको दूध चढाउने गर्दछन् ।

बिहानैदेखि रौतहटको गरुडा नगरपालिका(५ शिवनगर स्थित शिव मन्दिर, मौलापुर पतौराको पुरातात्त्विक महादेव मन्दिर र नुन्थरको शिवालय लगायतका तीर्थस्थलमा बिहानैदेखि दर्शनार्थी गाईको दूध चढाउन लामबद्ध भएका थिए ।

शिवालयहरुमा पूजा गर्न जाने भक्तालुहरूमा अधिकांश महिला देखिन्थे। श्रीमानको लामो आयु र आत्मसन्तुष्टिका लागि पूजा आराधना गर्ने आएको शिव मन्दिर शिवनगरका महन्त कृष्णदेव गिरिले बताए ।

लम्हा नदि किनारस्थित शिवनगरको शिव मन्दिर पछिल्लो समय भक्तजनको लागि आकर्षणको केन्द्र बन्दै गएको छ। मन्दिरमा साउने सोमवार धूमधामसँग बोल बम पर्व मनाउने गरिन्छ ।

त्यसैगरी श्री पञ्चमी, महाशिवरात्रिका दिन तथा हरेक आइतबार र अन्य चाडपर्वमा समेत मन्दिर दर्शन गर्ने दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ ।

श्रीपञ्चमी तथा विशेष गरि शिवरात्रि पर्वको दिन शिवनगरको शिव मन्दिरमा भगवान् शिवको पूजा आराधना गर्नका लागि रौतहटसहित छिमेकी देश भारतको बिहारदेखि मानिसहरू दर्शन गर्नका लागि आउने गर्छन् ।

पूजाको थालीसहित मन्दिर दर्शन गर्न आएका भक्तजन मन्दिरमा भजन कीर्तन गरी नाचगान समेत गरेका छन्। श्रीपञ्चमी सडै होलि गाउने चलन पनि रहेको छ। यसैदिन देखि कावरिया बमहरुले होलिलो गीत गाउने गरेको प्रचलन छ ।

दर्शनार्थीले भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र महादेव शिवलाई अर्पण गरि मनमा रहेका ईक्षा आकांक्षा पूरा हुने धार्मिक बिश्वास छ । विशेषगरि रौतहटको गरुडा नगरपालिका-५ शिवनगर स्थित रहेको यो शिवालय भक्तजनहरुको एकदमै प्रिय् शिवालय मध्ये एक हो। यहाँ आउने दर्शनार्थी लाखौंमा हुन्छन् । विशेषगरी भगवान शिव लाई पुजा आराधना गर्ने मध्ये कावारिया बमहरु मुख्य हुन्छन् ।

यसपालि श्रीपञ्चमी मेला लाई लक्षित गरि गरुडा नगरपालिका नगरप्रमुख कन्थमनी प्रसाद जयसवालले मेलामा आउने कावारिया बमहरुलाई धुनी बाल्न तथा चिसो छल्न दाउराको व्यवस्थापन गरेका हुन् ।

मेलालाई झिलीमिल्ली बत्तिले सिङ्गारिएको र ठाँउ ठाँउमा स्वास्थ्य शिबिर तथा मेलामा आउने दर्शनार्थीको लागि शुद्ध खानेपानी र प्याक पर्ने ठाउमा सौचालयको समेत प्रबन्ध मिलाएको नगरप्रमुख जयसवालले बताए मेलालाई शान्ति सुरक्षा दिनको लागि दुधियाभार, देवाही गोनाही र समनपुर बेसकैम्पका सशस्त्र प्रहरी र ईप्रका शिवनगर र ईप्रका गरुडाका समेत प्रहरीहरुले शान्ति सुरक्षाको प्रदान गरेको थियो ।

# प्रजिअ कटुवाललाई फेरी भेटौंला भन्दै बन कार्यालयले गऱ्यो बिदाई

*रञ्जन यादव*
*जीतपुर, १२ माघ*

बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालको डिभिजन बन कार्यालय बाराले बिदाई गरेको छ ।




*प्रजिअ कटुवालसंग सामुहिक तस्वीर खिचाउदै बनकर्मचारीहरु । फोटोः साझेदारी*

जिल्ला बन सुरक्षा समन्वय समितिका अध्यक्ष समेत रहनुभएका कटुवाललाई विहीवर फेरी भेटौंला कार्यक्रमको आयोजना गरि बिदाई गरिएको हो ।

डिभिजन बन कार्यालय बाराका प्रमुख बिनोद सिँह लगायत बनका कर्मचारीहरुले फुलमाला ,अबिर र गम्छा लगाएर प्रमुख जिल्ला अधिकारी कटुवालको बिदाई गर्नुभएको थियो ।

बिदाई कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी कटुवालले बारा जिल्लाले दिएको माया सराहणीय रहेको बताएका छन । मुस्कान र ईमान्दारिताको साथ सेवाग्राहीलाई सेवा दिन प्रमुख जिल्ला अधिकारीले कर्मचारीहरुलाई अनुरोध गनुभयो । डिभिजन बन कार्यालय बाराका प्रमुख बिनोद सिँहले प्रमुख जिल्ला अधिकारीको रुपमा कटुवालले जिल्लामा शान्ति , सुरक्षा र सुशासन कायम गर्न खेलेको भुमिका अनुकरणीय रहेको भन्दै प्रशंसा गर्नुभयो ।

जिल्लाको अभिभावकको रुपमा कटुवालले दिनुभएका योग्दान अन्य जिल्लाबाट सुन्ने गरेको तर कार्यदौरान बारा जिल्लामा प्रत्यक्ष हेर्ने अवसर पाएको बताउँनुभयो । प्रमुख जिल्ला अधिकारी कटुवालको उत्तरोत्तर प्रगती र भाबी कार्यकालको सफलताको कामना डिभिजन बन प्रमुख सिँहले भने ।

डिभिजन बन प्रमुख सिँहले मायाको चिनोको रुपमा भिम सखुवाको रुख अंकित फ्रेम सहितको फोटो कटुवाललाई प्रदान गर्नुभएको थियो । प्रमुख जिल्ला अधिकारी कटुवालको गृह मन्त्रालयमा सरुवा भएको छ ।

# श्रीपञ्चमीको अवसरमा मूर्ति स्थापना तथा भवन शिलन्यास



*विद्यालय भवनको शिलन्यास गर्दै गापा अध्यक्ष यादव । फोटोः साझेदारी*

*साझेदारी संवादादता*
*कवहीगोठ, १२ माघ*

श्रीपञ्चमीको अवसर पारेर सुवर्ण गाउँपालिकाले विहीवार सरस्वती माताको मन्दिर तथा मूर्ति स्थापना गरेको छ ।

गाउँपालिका अन्तर्गत रहेको श्रीब्रहमबाबा आधारभूत विद्यालयमा सरस्वती माताको मूर्ति स्थापना गरिएको हो ।

सुवर्ण गाउँपालिकाका अध्यक्ष राजेश प्रसाद यादवले वैद्धिक विधिद्धारा उक्त मूर्ति स्थापनाको गरिएको विद्यालयकाले जनाएको छ ।

यसैगरी विहीवार नै उक्त विद्यालयको लागि निर्माण हुन लागेको दुई कोठे भवनको पनि विहीवार नै शिलन्यास गरिएको छ। गाउँपालिकाका अध्यक्ष यादवले नै उक्त भवनको शिलन्यास गर्नुभएको थियो ।

विहीवार विद्यालय प्राङ्गणमा मूर्ति स्थापना गरी सरस्वती पूजा तथा प्रसाद वितरण कार्यक्रम समेत आयोजना गरिएको थियो ।

# नेपालको विकासमा भारतको महत्वपूर्ण योगदान छ : मुख्यमन्त्री यादव



*वीरगञ्ज, १२ माघ*

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेपालको विकासमा भारतको महत्त्वपूर्ण योगदान रहेको बताउनुभएको छ ।

भारतको ७४औँ गणतन्त्र दिवसका अवसरमा वीरगञ्ज महावाणिज्य दूतावासद्वारा आज यहाँ आयोजित विशेष समारोहमा उहाँले नेपालको शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारलगायतको विकासमा भारतीय सरकारको महत्त्वपूर्ण सहयोग रहेको बताउनुभयो । नेपाल र भारतबीच बेटीरोटीको सम्बन्धसँगै शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा एकअर्काका पूरकसमेत रहेको चर्चा गर्नुहुँदै मुख्यमन्त्री यादवले भन्नुभयो, "ठूलो सङ्ख्यामा नेपाली नागरिकले भारतमा रोजगारी प्राप्त गरेका छन्, थुप्रै भारतीय नागरिकले नेपालमा रोजगारी प्राप्त गरेका छन् ।" यसबाहेक शिक्षा, स्वास्थ्यको क्षेत्रमा समेत दुवै देश एकअर्काको पूरक भएको उहाँको भनाइ थियो ।

नेपाल(भारतको भाषा, संस्कृति, वेषभूषासमेत एकजस्तो भएको तथा एकअर्काको सुख, दुःखमा सहभागी हुँदै आएको उल्लेख गर्नुहुँदै उहाँले भारतीय स्वतन्त्रताको आन्दोलनमा नेपालीहरूको समेत निकै ठूलो योगदान रहेको बताउनुभयो। भारत सरकारको सहयोगमा वीरगञ्जमा निर्माण भएको सुक्खा बन्दरगाह नेपाली उद्योगी व्यवसायीलाई निकै सहयोगी बनेको बताउनुहुँदै उहाँले भारतीय लगानीकर्तालाई नेपालमा निवेश गर्नका लागि नेपाल सरकार हरसम्भव सहयोग गर्न तयार रहेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा महावाणिज्य दूतावास वीरगञ्जको तर्फबाट महावाणिज्यदूत नितेशकुमारले सम्पूर्ण भारतीय समुदाय तथा नेपालमा बसोबास गरिरहेका भारतका मित्रहरूमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्नुभयो । सो अवसरमा वीरगञ्जका विभिन्न स्कुलका छात्रछात्राले नृत्य, गीत तथा झाँकी प्रस्तुत गरेका थिए । (रासस)

# महोत्तरीमा छुट्टाछुट्टै दुर्घटनामा परी दुईको मृत्यु, २८ घाइते

*जलेश्वर, १२ माघ*

महोत्तरी जिल्लाको छुट्टाछुट्टै स्थानमा आज भएको दुईवटा सडक दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोषकुमार पोखरेलका अनुसार मृत्यु हुनेमा जिल्लाको औरही नगरपालिका-२ बस्ने ६० वर्षीय गोगाई ठाकुर लोहार र नाम, थर, वतन नखुलेको अन्दाजी ५० वर्षीया एक महिलाको सडक दुर्घटनामा परी मृत्यु भएको हो ।

लोहारलाई औरही नपा-२ स्थित सडकमा पैदल हिँड्दै गरेको अवस्थामा सर्लाही जिल्लाको बरहथवा

बाँकी तेस्रो पृष्ठमा


फोन नं.९८५५०४८८९९
ईमेल : pmamp.piu.bara@gmail.com
वेबसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई,बारा

स्यालो टयुबवेल जडान तथा डिप बोरिङ्गको लागि अवश्यक यन्त्र उपकरणहरुको खाम्बन्दी दररेट सहित सुचिकृत हुने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१३)

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई,बारा बाट चालू आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिचाई पूवधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम अन्तरगत स्यालो टयुबवेल जडान तथा डिप बोरिङ्गको कार्यक्रम रहेकोले योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपुर्तिकर्ता, वितरकहरुबाट परियोजनाले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १६ औ दिन अर्थात २०७९/१०/२८ गते १२:०० बजे भित्र खामबन्दी दररेट पेश गर्न सूचित गरिन्छ। रित पूर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिनको २:०० बजे आपुर्तीकर्ता वा निजको प्रतिनिधि तथा परियोजनाको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ। प्रस्ताव खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट प्रस्ताव खोलिने छ। आपुर्तीकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। साथै यस परियोजनाबाट उपलब्ध हुने निर्दिष्ट फाराम परियोजनाको वेबसाईट piubara.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि परियोजनामा सम्पर्क गर्न हुन अनुरोध छ ।



पर्यटकिय स्थलको संरक्षण र प्रचार गरी नगरको विकासमा जुटौं ।
निजगढ नगरपालिकाको कार्यालय, निजगढ, बाराद्वारा जनहितमा जारी सन्देश